जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १९६ पृष्ठः ४ | २०८२ मंसिर ०९ मंगलबार (Tuesday 25 Nov. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## दुर्गम गाउँबाट स्वच्छता अभियानको निरन्तरता



**जीवछ यादव**

लहान, ८ मंसिर। लहान नगरपालिकाले घर–घरको शान, लहानमा स्वच्छता अभियानको उद्घाटन शौचालय दिवसको अवसरमा सुरु गरेर यसको निरन्तता दुर्गम गाउँबाट सुरु गरेको छ। लहान नगरपालिकामा आठ वर्ष अघि २०७४ सालमा खुला दिसामुक्त घोषणा गरिए पनि १७ प्रतिशत खुला दिसा गरिरहेकाले पुनः स्वच्छता अभियान सुरु गर्नु परेको लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले जानकारी दिनुभयो। उहाँको अनुसार लहान नगरपालिकामा स्वच्छता अभियानअन्तर्गत चार हजार २०१ शौचालय निर्माणका लागि लहान नगरपालिकाले तयारी गरिरहेको छ।

लहान नगरप्रमुख महेशप्रसाद चौधरीले स्वच्छता अभियानको सुरुवात लहान नगरपालिका २४ नम्बर वडामा रहेको लेखनाथ माध्यमिक विद्यालयमा आयोजित भव्य स्वच्छता सभामा यस वडाका शिक्षक विद्यार्थी, समाजसेवी जनप्रतिनिधि र राजनीतिक दलहरु हाम्रो लहान स्वच्छ र सुन्दर लहानको सपना सकार गर्नका लागि यस स्वच्छता अभियानलाई सफल बनाउन हिजो आइतबार आग्रह गर्नुभयो।

“खुला दिसामुक्त लहान नगरपालिकामा १७ प्रतिशत नगरवासीहरु खुला दिसा गर्ने तथ्यांकले शौचालय निर्माण गरेर मात्रै भएन, यसको सदुपयोगका लागि स्वच्छतासम्बन्धी सैद्धान्तिक ज्ञानको अभाव छ। यस अभावको पूर्तिकका लागि सचेत नागरिकहरुले ध्यान दिन आवश्यक छ।,” ,नगरप्रमुख चौधरीले भन्नुभयो, “यस वडाका शिक्षक र विद्यार्थीहरुको अहम भूमिकाको अपेक्षा लिएर दुर्गम र सबैभन्दा बढी जनसंख्या विपन्न

**–बाँकी तीन पेजमा**

## जनकपुर बोल्ट्सको दोस्रो हार



काठमाडौँ, ८ मंसिरः राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा कप्तान सन्दीप लामिछानेको उत्कृष्ट बलिङको मद्दतमा विराटनगर किङ्ग्स विजयी भएको छ। विराटनगर लगातार आफ्नो तेस्रो खेलमा विजयी भएको हो। आजको खेलमा विराटनगरले जनकपुर बोल्ट्सलाई नौ रनले हराएको हो।

जितका लागि १३६ रनको लक्ष्य पछ्याएको जनकपुरले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर एक सय २६ रन मात्रै बनाउन सक्यो। जनकपुरका लागि निकोल ले टी इटनले ४१, लाहिरू मिलन्थाले २३, सञ्जय कृष्णमुर्तिले २० तथा आशिफ शेखले १३ रन बनाए।

बलिङतर्फ विराटनगरका लागि

**–बाँकी तीन पेजमा**

## बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालवालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।
- सावधानी अपनाऔं, सुरक्षित रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मधेशका मुख्यमन्त्री यादवले तोके विना विभागीय मन्त्रीहरूको जिम्मेवारी

तीनैजना मन्त्री विना विभागीय थिए। उनीहरूलाई मन्त्रालयको जिम्मेवारी बाँडफाँट गरिएको हो।

**शैलेन्द्र महतो**

जनकपुर, ८ मंसिर। मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले विना विभागीय मन्त्रीहरूलाई जिम्मेवारी तोकेका छन्। संविधानको धारा १६८ को ३ बमोजिम मुख्यमन्त्री नियुक्त भएर गत २४ कात्तिक बिहान बर्दिबासको पानस होटलमा शपथ लिएका मुख्यमन्त्री यादवले ३ मन्त्री नियुक्त गरेका थिए। तीनैजना मन्त्री विना विभागीय थिए। उनीहरूलाई मन्त्रालयको जिम्मेवारी बाँडफाँट गरिएको हो।



नेकपा एमालेबाट बिना विभागीय मन्त्री नियुक्त गरेका लखन दासलाई ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिइएको छ।

यस्तै नेपाल संघीय समाजवादी पार्टीबाट मन्त्री बनेकी बिमला अन्सारीलाई गृह, सञ्चार तथा कानुन मन्त्रालय र राप्रपाबाट मन्त्री बनेकी कञ्चन विच्छालाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी तोकिएको हो। २ मंसिरमा सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई कुनै पनि नीतिगत र दीर्घकालीन प्रभाव पार्ने निर्णय नगराउन अन्तरिम आदेश दिएको थियो। यो आदेश मुद्दाको अन्तिम किनारा नलागेसम्म कायम हुने उल्लेख थियो।



GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

## मधेस प्रदेशमा मंगलबार सार्वजनिक बिदा

जनकपुरधाम, ८ मंसिर। मधेस प्रदेश सरकारले मंगलबार (मंसिर ९ गते) विवाह पञ्चमीका अवसरमा सार्वजनिक बिदा दिएको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयले सोमबार सूचना जारी गर्दै भोलि सार्वजनिक बिदा दिएको हो। 'मधेश प्रदेश सरकारद्वारा मिति २०८१ साल चैत्र २२ गतेको प्रदेश राजपत्रमा प्रकाशित २०८२ सालमा दिइने विदा सम्बन्धी सूचना

**–बाँकी तीन पेजमा**

# सम्पादकीय

## जेन–जी आन्दोलनले बाटो बिराउने खतरा

जेन–जी युवाले थालेको 'भ्रष्टाचार नियन्त्रण र सुशासन'को आन्दोलन अन्ततः राजनीतिक दलका कार्यकर्तासँग मुठभेडमा परिणत हुने र थप क्षतिको कारण बन्ने अशुभ संकेत देखिन थालेको छ। अहिले देखिएका झडपको सिलसिला तत्काल रोकिएन भने आन्दोलनमा भएको अपार जनधनको क्षति व्यर्थ हुनसक्छ। जेन–जी युवा र पुराना दलका नेता कार्यकर्ताबीच यस्तै कटुता प्रकट भइरहने हो भने कुनै दिन अप्रिय घटना पनि उत्पन्न हुनसक्छ। नेकपा (एमाले)का नेता सवार गाडीमा विराटनगरमा रंग छ्याप्ने युवकलाई आइतवार प्रहरीले पक्रेर साँझ पख रिहासमेत गर्‍यो।

यसअघि बाराको सिमरामा त एमाले नेता आउने भएपछि जेन–जीकै नाममा विरोध प्रदर्शन गर्न खोज्दा झडप नै भएको थियो। बारामा स्थिति नियन्त्रणमा लिन नसकेपछि स्थानीय प्रशासनले क र्यु नै लगाएको थियो। हाल बल्ल बारामा स्थिति सामान्य भएको छ। नयाँ पुस्तामा विशेषगरी प्रविधिमा पहुँच भएका शिक्षित युवा देशप्रति जिम्मेवार र परिस्थितिप्रति गम्भीर पनि होलान् भन्ने जनमानसको अपेक्षा पनि बिस्तारै सन्देहमा परिणत हुँदैछ। आन्दोलनकारी भनिएका युवाको ध्यान प्रधानमन्त्रीको राजीनामादेखि कुनै कार्यालयमा नियुक्त कर्मचारी हटाउने माग सम्ममा छरिएको देखिन्छ।

जनतासँग प्रत्यक्ष सम्बन्ध हुने सरकारी कार्यालयको सेवा प्रवाहमा कुनै सुधार भएको छैन। भदौ २२ गतेसम्म जस्तो व्यवहार कर्मचारीले गर्थे अहिले पनि उस्तै छ। त्यतिमात्र होइन कतिपय मन्त्रीहरूकै गतिविधि पनि पुरानै सरकारको भन्दा फरक देखिँदैन। विडम्बना, आन्दोलनको जस लिने क्षतिको जिम्मा नलिने पुराना दलका नेताहरूको प्रवृत्ति पनि जेन–जी युवाले देखाएका छन्। यस्तै, आ नो हैसियत र क्षमता बिर्सेर ठूला डिङ हाँक्न पनि जेन–जीका नाममा देखिएकाहरूले थालेको देखिएको छ। अहिले पुराना राजनीतिक दलका नेता कार्यकर्तालाई मुठभेडको निम्ति उक्साउँदा आगामी निर्वाचन भाँडिन सक्छ। त्यस अवस्थामा संविधानलाई जीवित राख्नका लागि पनि घटित प्रतिनिधि सभा पुनःस्थापना गर्नुपर्ने हुन्छ। त्यसो नगरे देश अशान्ति, अस्थिरता र अधिनायकवादको चङ्गुलमा लामो समय फस्न पुग्नेछ। नेपाल लोकतान्त्रिक मार्गमा अगाडि बढोस् र अधिनायकवादी शासनको कुचक्रमा नपरोस् भन्ने हो भने दलका नेताहरू विशेषगरी एमालेका नेताले जेन–जीलाई उत्तेजित पार्ने क्रियाकलाप रोक्नुपर्छ। केही समय पर्खेर शक्ति सञ्चय गरे एमालेको भविष्यका लागि पनि श्रेयस्कर हुनेछ।

यस्तै, जेन–जी आन्दोलनकारीका पर्दा अगाडि र पछाडिका सबै शुभचिन्तकहरूले पनि देशलाई थप विग्रहमा जान नदिन गम्भीरतापूर्वक विचार गर्नु आवश्यक र उचित हुन्छ। जेन–जीका नाममा पनि पुराना राजनीतिक दलका नेताहरूले जस्तै गैरजिम्मेवार र अराजक गतिविधि हुने हो भने चुनावमा जनताले नयाँ अनुहार र दललाई मत किन दिने भन्ने प्रश्न उठ्नेछ। एमालेलगायत पुराना दललाई अहिले बाहुबलले तह लगाउन सम्भव छैन भन्ने आन्दोलनबाट सत्तामा पुगेका लगायत सबै बुझ्नु बेस हुनेछ। शासन गर्ने अधिकार सबैलाई छ तर त्यसका लागि निर्वाचनबाट जनादेश हासिल गर्नुपर्छ। शासनलाई 'बाटाको मादल' ठान्ने मानसिकता सबैले त्याग्नु आवश्यक छ।


## माईग्रेसन हराएको सूचना

यही मिति २०८२।०७।०१ गतेका दिन जे.एस. मुराको क्याम्पसदेखि लहान चौक सम्म जाने क्रममा राधिका सिंह नाम गरेको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : राधिका सिंह**
**ठेगाना : लहान–८, सिरहा**
NEB R.No. 792160430073
**मोबाईल नं. : ९८०७७९०९११**


# कूटनीति र पर्यटनको अन्तरसम्बन्ध

**हरि धरेल**

काठमाडौं, ८ मंसिर। कुनै पनि देशले आफ्नो विकास गर्दा त्यसको भौगोलिक विशिष्टताका आधारमा गर्नुपर्छ। नेपालको भौगोलिक विशिष्टता भनेको प्रकृति र संस्कृति नै हो। प्रकृति र संस्कृतिको जगेर्ना गर्दै पर्यटक भित्र्याउन सकेमा आर्थिक विकास सम्भव छ। यसैले मुलुकको दिगो विकास हासिल गर्ने मुख्य क्षेत्र भनेकै पर्यटन हो। पर्यटन क्षेत्रको प्रवर्द्धनबाट फराकिलो आर्थिक वृद्धि, समावेशी विकास तथा वातावरणमा दिगोपना ल्याई जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने तथ्य स्थापित भएको छ। प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं सामाजिक विविधताले भरिएको हुँदा नेपाल विश्वको एक महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्छ।

नेपालमा बढीभन्दा बढी विदेशी पर्यटक र लगानी भित्र्याउने प्रभावकारी माध्यम भनेको पर्यटन क्षेत्र नै हो। छिमेकीलगायत अन्य मित्रराष्ट्रहरूसँगको असल सम्बन्धबाट नै ती देशका नागरिकलाई आकर्षित गर्न सकिन्छ र त्यहाँका लगानीकर्ताहरूलाई नेपालको पर्यटन क्षेत्रमा लगानी गर्ने वातावरण बन्नसक्छ। आजको अन्तरराष्ट्रिय सम्बन्ध वैदेशिक व्यापार, वैदेशिक सहायता, वैदेशिक लगानी, पर्यटन, वैदेशिक रोजगारी, सांस्कृतिक सम्बन्ध, भूराजनीतिक सन्तुलनलगायतका विषयहरूका आधारमा निर्धारण गरिने अवस्था सिर्जना भएको छ। वर्तमान अन्तरराष्ट्रिय सम्बन्ध आर्थिक सवालहरूको वरिपरि केन्द्रित रहनेगरी परम्परागत कूटनीतिको स्थान आर्थिक कूटनीतिले प्रतिस्थापन गरेको छ।

कूटनीति र पर्यटन आपसमा गहिरो सम्बन्ध राख्ने दुई महत्वपूर्ण क्षेत्रहरू हुन्। कूटनीतिले अन्तरराष्ट्रिय सम्बन्ध सुधार्न, सांस्कृतिक आदान–प्रदान बढाउन र देशको सकारात्मक छवि निर्माण गर्न मद्दत गर्छ, जसले पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेल्छ। देशको कूटनीति प्रभावकारी भएमा त्यसले पर्यटन उद्योगलाई प्रत्यक्ष रूपमा फाइदा पुर्‍याउन सक्छ। कूटनीति र पर्यटनबीचको सहकार्यले आर्थिक उन्नति, सांस्कृतिक आदान–प्रदान र अन्तर्राष्ट्रिय सम्बन्ध सुधार्न ठूलो भूमिका खेल्छ। पर्यटनबाट आएको राजस्वले देशको आर्थिक वृद्धिमा योगदान पुर्‍याउँछ, जसका लागि स्थिर अन्तर्राष्ट्रिय सम्बन्ध आवश्यक हुन्छ। कूटनीतिक माध्यमबाट पर्यटन विकासमा जोड्न सकिने मुख्य क्षेत्रहरूमा सांस्कृतिक कूटनीति, भिसा नीतिहरू, कूटनीतक नियोगहरूमार्फत प्रचारप्रसार तथा सुरक्षा र स्थिरताको सन्देश प्रवाहलाई लिन सकिन्छ।

नेपालमा रहेका विदेशी र विदेशमा रहेका नेपाली कन्सुलर मिसनहरूले आगामी दिनमा पनि पर्यटन क्षेत्रहरूलाई विशेष रूपमा प्रवर्द्धन गर्न सक्छन्। साहसिक पर्यटन जस्तै हिमाल आरोहण, पदयात्रा, पर्वतारोहणको सम्भावनाको बारेमा जानकारी गराउन सकिन्छ। पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथजस्ता धार्मिक क्षेत्रहरूको महत्वका बारेमा प्रचारप्रसार गरी हिन्दू तथा बौद्ध पर्यटकहरूलाई आकर्षण गर्न सकिने प्रशस्त सम्भावना छ। नेपालमा रहका झन्डै डेढ सय जातजाति र तिनका सांस्कृतिक पक्षहरूलाई उजागर गर्न सकिए सांस्कृतिक पर्यटनको माध्यमबाट लाखौँ पर्यटकलाई आकर्षित गर्न र बसाइ अवधिलाई लम्ब्याउन सकिन्छ। यी विभिन्न सम्भावनाहरूलाई उपयोग गर्नका लागि भिसा तथा अध्यागमन प्रक्रियामा अझ सहजता ल्याउनुपर्ने हुन्छ।

त्यस्तै पूर्वाधार तथा सेवाको स्तर सुधार गर्नुपर्ने र सुरक्षा तथा स्वास्थ्य सेवाहरूलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। साथै, आजको प्रविधिको युगमा अन्तरराष्ट्रियस्तरमा 'डिजिटल मार्केटिङ' प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। डिजिटल मार्केटिङ अभियानहरू अन्तर्राष्ट्रिय मिडिया, सामाजिक सञ्जालहरूमार्फत सञ्चालन गर्न सकिन्छ। भिसा प्रणाली सुधार गरी ई–भिसा, अन–एराइभल भिसा अझ सहज बनाउने, सांस्कृतिक तथा खेलकुद पर्यटन प्रवर्द्धन गर्दै नेपाललाई बहुपक्षीय पर्यटन हब बनाउनेतर्फ ध्यान दिन जरुरी छ। पर्यटन पूर्वाधार विकास गर्न लगानी भित्र्याउन सरकारी–निजी साझेदारीलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ।

नेपाल अर्को वर्ष सन् २०२६ मा अल्पविकसित मुलुकको स्तरबाट विकासशील हुँदै सन् २०३० सम्म उच्च मध्यम आय भएको तथा सन् २०४२ अर्थात् २०९९ सालसम्ममा विकसित मुलुकको हैसियत हासिल गर्ने लक्ष्यमा पुग्ने सम्भाव्य उपायहरूमध्ये पर्यटन नै दिगो, भरपर्दो र रोजगारप्रधान क्षेत्र हो। बढ्दो यातायात, सञ्चार, सूचना प्रविधि, पूर्वाधार तथा विश्वको बढ्दो आबद्धता र उदीयमान मुलुकहरूको तीव्र आयवृद्धिले गर्दा पर्यटनको विस्तार हुँदै जाने कुरामा शङ्का छैन। छिमेकी मुलुकहरूको द्रुत विकास र बढ्दो समृद्धिको लाभ दिले अत्यन्त भरपर्दो र सम्भावनायुक्त क्षेत्र पर्यटन नै हो भन्ने तथ्य हामीले बिर्सन हुँदैन।

नेपालको संविधान २०७२ ले पनि पर्यटनलाई आर्थिक विकासको आधारको रूपमा स्वीकार गरेको छ। नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचारप्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आारका रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवशयक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने भन्ने नीतिमा उल्लेख छ। भौगोलिक रूपमा ठूलो वा सानो भए पनि एक सार्वभौम मुलुकले शान्तिपूर्ण रूपमा आ ना सम्बन्ध विस्तार गर्न पर्यटन कूटनीतिलाई अन्तरराष्ट्रिय सम्बन्धको महत्वपूर्ण आयाम बनाउनुपर्छर। नेपालको विशिष्ट प्रकृतिको भूराजनीतिक अवस्थितिका कारण खासगरी दुई छिमेक मुलुक भारत र चीनसँगको सम्बन्धलाई कसिलो बनाइराख्नु पर्दछ।

सरकारले पहिलोपटक आर्थिक कूटनीतिलाई विशेष प्राथमिकता दिँदै २०७७ सालमा एकीकृत परराष्ट्र नीति जारी गरेको थियो। 'छिमेकी मित्रराष्ट्रहरूको आर्थिक विकास तथा समृद्धिबाट लाभ लिनेगरी सहयोगका नयाँ क्षेत्रको पहिचान एवं साझा हितका विषयमा द्विपक्षीय, त्रिपक्षीय एवं बहुपक्षीय साझेदारी प्रवर्द्धन गर्ने,' परराष्ट्र नीतिमा भनिएको छ। आर्थिक कूटनीतिको सञ्चालनद्वारा राष्ट्रको आर्थिक विकास र समृद्धिमा योगदान पुर्‍याउने, लगानी र पर्यटन प्रवर्द्धन, निर्यात विस्तार र आयात व्यवस्थापन गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासमा सघाउने, वैदेशिक रोजगारीलाई व्यवस्थित एवं मर्यादित तुल्याउने, आप्रवासी नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पहुँचलाई नेपालको आर्थिक विकासमा परिचालनलाई नीतिमा प्राथमिकता दिइएको छ।

भारत र चीनले नेपाली पर्यटन क्षेत्रलाई उच्च महत्व दिएका छन्। उनीहरूको दृष्टिकोण फरक हुन सक्लान् तर उनीहरूको लगावलाई हामीले कसरी उपयोग गर्ने विषय महत्वपूर्ण छ। भारत र चीन पर्यटकीय योगदानमा पहिलो र दोस्रो नम्बरमा रहेका देश रहेको तथ्य मनन गर्दै यसलाई व्यवस्थित रूपमा अघि बढाउने हो भने नेपालले तुलनात्मक लाभ लिन सक्ने क्षेत्र पर्यटन नै हो। तीव्र आर्थिक विकासको प्रतिस्पर्धामा रहेका दुई छिमेकी मुलुकहरूसँगको असल कूटनीतिक सम्बन्धबाट पर्यटन क्षेत्रमा नेपालले थप प्रगति र नवीनता ल्याउन सक्दछ। मित्रराष्ट्र चीन र भारत संसारकै आर्थिक शक्तिका रूपमा रूपान्तरित भइरहेका छन्। चीन र भारतको जनसंख्या सारा संसारको जनसङ्ख्याको एक तिहाइभन्दा बढी छ र त्यसमा बङ्गलादेश र पाकिस्तानको समेत मिसाएर हेर्दा त्यो पूरा विश्वको जनसङ्ख्याको आधाआधी हुन जान्छ। दुवै देशका लागि नेपाल धार्मिक तथा पर्यापर्यटनको मुख्य गन्तव्य बन्नसक्छ।

नेपाल र भारतमा हिन्दू र बौद्ध धर्मावलम्बीप्रतिको समान दृष्टिकोणका कारण सांस्कृतिक समानतालाई बल मिलेको छर। बुद्धको जन्मस्थान नेपालको लुम्बिनी र ज्ञान प्राप्त गरेको भारतको बोधगया एवं सारनाथलाई पर्यटकीय गन्तव्यका रूपमा एकाकार गर्ने प्रस्ताव भारतले धेरै पटक गरिसकेको छर। चीन बौद्ध धर्मावलम्बीको बाहुल्य भएको राष्ट्र हो। नेपाल शाक्यमुनि गौतम बुद्धको जन्मस्थल भएकाले पनि धार्मिक रूपमा ठूलो सङ्ख्यामा चिनियाँ पर्यटक आकर्षित गर्न सकिने सम्भावना छ। चीन संसारमा पर्यटक निर्यात गर्ने नम्बर एक देश हो। चीनले 'विदेशमा रहेका सबै नागरिक देशका राजदूत हुन्' भन्ने मान्यतालाई आत्मसात् गरेको शोधकर्ताको निष्कर्ष छ। चीनले नेपाललाई औपचारिक रूपमा सन् २००२ मा मात्र पर्यटन गन्तव्य सूचीमा समावेश गरेको हो। चीन सरकारले गन्तव्य सूचीमा राखेपछि हरेक वर्ष नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि हुँदै आएको छ।

कूटनीतिक नियोग (दूतावास, कन्सुलेट, स्थायी प्रतिनिधि कार्यालय) ले नेपालका पर्यटन स्थलहरूको अन्तराष्ट्रियस्तरमा प्रचार–प्रसार गर्ने महत्वपूर्ण भूमिका खेल्न सक्छन्। यी नियोगहरूले सरकार, निजी क्षेत्र र प्रवासी नेपाली समुदायसँग सहकार्य गरी नेपाललाई आकर्षक पर्यटन गन्तव्यका रूपमा उभ्याउन मद्दत गर्छन्। यी नियोगहरूले सांस्कृतिक कूटनीतिमार्फत प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्छन्। ती देशहरूमा नेपाली कला, संस्कृति, परम्परा र पर्वहरूको अन्तरराष्ट्रिय प्रदर्शन, सांस्कृतिक आदान–प्रदान कार्यक्रमहरू (जस्तै, नेपाली खाना महोत्सव, फिल्म फेस्टिवल, फोटो प्रदर्शनी), प्रवासी नेपाली समुदायसँग सहकार्य गरी नेपालको पर्यटन प्रवर्द्धन गर्न सकिन्छ।

यसैगरी विदेशी पर्यटकलाई सहज बनाउने उद्देश्यले भिसा प्रक्रियालाई सरल बनाउने, अन–एराइभल भिसा, ई–भिसा, र लामो अवधि पर्यटक भिसाका सम्भावनाहरू खोज्ने, पर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै व्यावसायिक, धार्मिक र साहसिक भिसाका प्रविधिहरू सुधार गरी भिसा र अध्यागमन नीतिलाई व्यावहारिक बनाउन सकिन्छ। नेपालका प्रमुख नियोगहरूबाट नेपाल पर्यटन बोर्डमार्फत अन्तराष्ट्रिय प्रवर्द्धन तथा प्रचार अभियानहरू सञ्चालन, परराष्ट्र मन्त्रालयसँगको सहकार्य र समन्वयमा पर्यटन कूटनीति तथा द्विपक्षीय सम्झौता प्रवर्द्धन तथा विदेशस्थित नेपाली दूतावास तथा कन्सुलेटहरू–नेपाली पर्यटन स्थलहरूको प्रचार, सांस्कृतिक कार्यक्रम आयोजना र भिसा सेवाहरू सुधारका कमहरू भइरहेका छन्। आगामी दिनमा यसलाई अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने देखिन्छ।

आज विश्वका अधिकांश देशहरूले पर्यटनलाई समृद्धिको मुख्य आधार बनाएका छन्। दक्षिण एसियाकै खासगरी भारत, श्रीलङ्का, माल्दिभ्सलगायतका

**–बाँकी तीन पेजमा**

# द सहारा लोन सेविंग्स को–आँपरेटिभ सोसाईटी लिमिटेड

## मलंगवा, सर्लाही

## २९औं वार्षिक साधारण सभा

## बस्ने बारे अत्यन्त जरुरी सूचना ।

**प्रथम पटक कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मिति २०८२/०६/२४**

आदरणीय शेयर सदस्य महानुभावहरु,

यस संस्थाको मिति २०८२/०६/०८ गतेका दिन बसेको संचालन समितिको बैठकबाट भएको निर्णयानुसार तथा सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७३ अनुसार यस संस्थाको २९औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा मिति २०८२/०६/०८ गते सम्ममा संस्थाको शेयर सदस्यता प्राप्त गरेको शेयर सदस्य शेयर सदस्य महानुभावहरु साथै विभिन्न सेवा केन्द्रहरुबाट तोकिएका प्रतिनिधि सदस्यहरुले आ–आफूले प्राप्त गरेको शेयर सदस्यता परिचय–पत्र वा शेयर प्रमाण–पत्र अनिवार्य रुपले साथमा लिई तोकिएको स्थानको साधारण सभामा उपस्थित हुन आउन विनम्र अनुरोध गरिन्छ।

**तपसिल**

| एकाई | मिति | समय | स्थान | सेवा केन्द्रहरु तथा सम्पर्क कार्यालय |
|---|---|---|---|---|
| १ | २०८२/०८/१६ | ११:०० बजे | से.के.इटहरी | इटहरी (सुनसरी), धरान (सुनसरी) दमक (झापा), विराटनगर (मोरङ) |
| २ | २०८२/०८/१८ | ११:०० बजे | से.के. लहान | लहान (सिरहा, गाईघाट (उदयपुर), राजविराज (सप्तरी), कंचनपुर (सप्तरी) |
| ३ | २०८२/०८/२० | ११:०० बजे | से.के. जनकपुर | जनकपुर (धनुषा), जलेश्वर, बर्दिबास (महोत्तरी), कटारी (उदयपुर), कमलामाई (सिन्धुली) |
| ४ | २०८२/०८/२२ | ११:०० बजे | से.के. विरगंज | विरगंज (पर्सा), सिमरा (बारा), हेटौडा (मकवानपुर), सानेपा (ललितपुर) |
| ५ | २०८२/०८/२४ | ११:०० बजे | से.के. कलैया | कलैया (बारा), गौर (रौतहट), गरुडा (रौतहट, निजगढ (बारा) |
| ६ | २०८२/०८/२६ | ११:०० बजे | प्र.का. मलंगवा (होटल कुसुम पार्टी प्यालेस | प्र.का. मंलगवा, सेवा केन्द्र बरहथवा, हरिवन, ईश्वरपुर, हरिपूर्वा धनकौल, सिसौट, लालबन्दी तथा एकाई नं. १ देखि ५ सम्मको छनौट प्रतिनिधिहरु |

**छलफलका विषयहरु:**

१. संचालक समिति ०८१/०८२ वार्षिक प्रतिवेदन पारित सम्बन्धमा।
२. संचालक समिति बैठकको निर्णयहरु पारित सम्बन्धमा।
३. आ.व. ०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
४. आ.व. ०८३/०८४ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन सम्बन्धमा।
५. आ.व. ०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा।
६. शेयर लाभांश वितरण सम्बन्धमा।
७. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
८. कोषको रकम समायोजन सम्बन्धमा।
९. कार्यक्षेत्र विस्तार सम्बन्धमा।
१०. सेवा केन्द्र थप गर्ने सम्बन्धमा।
११. संस्थाको नियमावली तथा निर्देशिकाहरु, संशोधन अनुमोदन सम्बन्धमा।
१२. संस्थाको विनियम संशोधन सम्बन्धमा।
१३. संचालक समिति/लेखा सुपरीवेक्षण समितिको बैठक भत्ता अनुमोदन सम्बन्धमा ।
१४. अध्यक्षको भत्ता उपलब्ध गराउने सम्बन्धमा।
१५. प्रमुख कार्यकारी अधिकृत (महाप्रबन्धक) को पारिश्रमिक सम्बन्धमा।
१६. सम्पर्क कार्यालयलाई सेवा केन्द्रमा परिवर्तन गर्ने सम्बन्धमा।
१७. कर समपरिक्षणको नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
१८. एकाई साधारण सभाको निर्णय तथा अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट सम्बन्धमा।
१९. विवध

द संचालन समितिको
नागेन्द्र प्रसाद चौधरी
महाप्रबन्धक

## सूचना ! सूचना !! सूचना !!!

### विद्युत सप्लाई बन्द हुने सूचना ।

नेपाल विद्युत प्राधिकरण मिर्चैया वितरण केन्द्रको कार्यक्षेत्र अन्तर्गत पर्ने घुर्मी–सितापुर सडक खण्डको पिप्रा, मिथलेशवर , सीतापुर सडक विस्तार तथा निर्माण कार्यको लागि विद्युतीय संरचना पोल, तार, ट्रान्सफर्मरहरु सार्नुपर्ने भएको हुदाँ उक्त कार्यको लागी मिति २०८२/०८/१०(बुधबार) देखि २०८२/०८/१३ गते (शनिबार )सम्म बिहान १० बजे देखि दिउसो ५ बजे सम्म कल्याणपुर फिडरबाट बिधुत सप्लाई हुने पिप्रा, महेशपुर, घुर्मी रतनपुर लगायतका ठाउँहरुमा विद्युत सेवा अवरुद्ध हुने सम्पूर्ण ग्राहक वर्गमा जानकारीको लागी अनुरोध छ। यसबाट पर्न गएको असुविधाको लागी नेपाल विद्युत प्राधिकरण मिर्चैया वितरण केन्द्र क्षमाप्राथि छ।

**नोट : तोकिएको समयभन्दा काम चाडै सम्पन्न भएमा लाईन अगावै सुचारु गरिनेछ ।**

मिर्चैया वितरण केन्द्र
मिर्चैया ,सिरहा

## कूटनीति र पर्यटनको...

देशहरूले पर्यटन व्यवसायबाट राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाएका छन्। पर्यटन उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीको धेरै विकास गर्न सकिने उदाहरण मलेसिया र सिङ्गापुरबाट सिक्न सकिन्छ। नेपालले पनि अबको बाटो आर्थिक समृद्धि भएकाले पर्यटन विकासको सम्भावनाका विविध आयामहरूलाई एकीकृत गरी त्यसै अनुसार नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र बजेटको व्यवस्था गर्नुपर्छ। पर्यटकको न्यून बसाइ, हरित पर्यटनको न्यून विस्तार, गुणात्मकभन्दा सङ्ख्यात्मक पर्यटकको बढी प्रभाव, पर्याप्त पूवाधारको अभाव, पर्यटक सेवास्तर न्यूनजस्ता यस क्षेत्रका समस्या एवं चुनौतीहरू हुन्। यी चुनौतीहरूलाई समाधान गर्न राष्ट्रिय स्तरमा नीतिगत व्यवस्था, सरकार–निजी क्षेत्र साझेदारी, पूर्वाधार विकासमा जोड दिनु आवश्यक छ भने विदेशमा कूटनीतिक सम्बन्ध विस्तार, पर्यटकीय सम्पदाहरूको प्रचारप्रसार, सकारात्मक सन्देश प्रवाह, कुटनीतिक नियोगहरूको भूमिकालाई सशक्त तुल्याउनुपर्ने हुन्छ।

परराष्ट्र मन्त्रालयबाट विदेशस्थित नियोगहरूमार्फत कार्यान्वयन गर्ने गरी निर्यात प्रवर्द्धन, लगानी सम्मेलन आयोजना, धार्मिक र सांस्कृतिक, पर्यटन प्रवर्द्धन, रोजगारीका नयाँ सम्भावनाहरूको पहिचान, पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम र नेपाली डायस्फोराको परिचालन गर्ने कार्यक्रमहरू आयोजना गर्न सकिन्छ। कूटनीति र अर्थतन्त्र दुवै नबुझेका व्यक्ति नेपालको आर्थिक कूटनीति सम्हाल्न जाँदा त्यसले उचित परिणाम ल्याएको देखिन्नर। कुन देशका पर्यटकहरू बढी संख्यामा नेपाल आउँछन्, कुन देशका पर्यटकलाई ल्याउनु बढी फाइदाजनक छ त्यसलाई पनि मध्यनजर गरी बजारीकरणको अनुसन्धानको आधारमा व्यवस्थित प्रचार अभियान सञ्चालन गर्नुपर्छ। विदेशस्थित नेपाली दूतावास र कन्सुलेट कार्यालयहरूबाट नेपालको प्रचारप्रसार प्रभावकारी हुनसक्ने भएकाले ती कार्यलयमा कार्यरत राजदूत, वाणिजयदूत वा अन्य कर्मचारीलाई पर्यटनको भूमिकाका कारेमा प्रशिक्षित गराउनुपर्छ। गैरआवासीय नेपाल सङ्घ(एनआरएनए)ले आआफ्ना देशमा रहँदा मातृभूमिका लागि औपचारिक दूतको रूपमा सांस्कृतिक र प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गर्ने, अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा भाग लिने र पर्यटकहरूलाई नेपाल भ्रमणमा जान प्रेरित गर्न सक्छन्। एनआरएनएको संलग्नताले नेपालको प्राकृतिक सौन्दर्य र समृद्ध सांस्कृतिक सम्पदाको अन्वेषण गर्न थप लगानी आकर्षित गर्न तथा अन्तराष्ट्रिय स्तरमा नेपालको सकारात्मक छवि प्रक्षेपण गर्न मद्दत पुग्दछ। ( लेखक नेपालका लागि डेनमार्कका वाणिज्यदूत तथा वरिष्ठ पर्यटन व्यवसायी हुनुहुन्छ)

## दुर्गम गाउँबाट ...

र दलित समुदाय रहेकाले स्वच्छता अभियानको निरन्तरताको क्रमाम यहाँबाट सुरुवात थालेका छौँ। यस वडामा निर्माण गर्नुपर्ने ५३८ शौचालय निर्माणका लागि लहान नगरपालिकाले विपन्न र दलित समुदायलाई आवश्यक सहयोग गर्छौं।''

स्वच्छता अभियानमा लहान वडा नम्बर २४ का जनप्रतिनिधि, शिक्षक विद्यार्थी नागरिक अगुवा दलित जनकल्याण युवा क्लवका सामाजिक सहजकर्ताहरुको व्यापक उपस्थिति रहेको थियो।

## जनकपुर बोल्ट्सको ...

कप्तान सन्दीप लामिछानेले ४ विकेट लिए। उनले चार ओभर बलिङ गर्ने क्रममा मात्र ११ रन खर्चिए। यस्तै सूर्य तामाङले दुई तथा मर्चेन्ट डे लाङले र शुभम रन्जनेले एक एक विकेट लिए।

यसअघि त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको विराटनगरले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १३५ रन बनायो। विराटनगरका लागि शुभम रन्जनेले सर्वाधिक ३७ रनको योगदान दिए। उनले २९ बल खेल्दै दुई छक्का र दुई चौका प्रहार गरे। यस्तै बसिर अहमदले ३५ बलमा तीन छक्काको मद्दतमा ३६ रन बनाए। प्रारम्भिक ब्याटर लोकेश बमले २६ बल खेल्ने क्रममा एक छक्का र दुई चौका हान्दै २८ रनको योगदान दिए। यस्तै मार्टिन गुप्टिलले १३ र जर्ज मुन्सेले १० रन बनाए। विराटनगरका दुई ब्याटर रनआउट भए। बलिङतर्फ जनकपुर बोल्टस्का रूपेश सिंह र सङ्गीथ कुरेले दुई दुई तथा आदित्य महताले एक विकेट लिए। यसअघि विराटनगरले पहिलो खेलमा पोखरा एभेन्जर्स र दोस्रो खेलमा काठमाडौँविरुद्ध जित दर्ज गरेको थियो। तेस्रो खेलमा जितेसँगै विराटनगर ६ अङ्कसहित शीर्ष स्थानमा पुगेको छ।

## मधेस प्रदेशमा ...

सम्बन्धमा मिति २०८२ साल मंसिर ९ गते मङ्गलबारका दिन विवाह पञ्चमीको सार्वजनिक विदा भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ' जारी सूचनामा भनिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# बर्दिबास–७ बालविवाहमुक्त वडा



**रवीन्द्र उप्रेती**

बर्दिबास, ८ मंसिर। 'बालविवाहको अन्त्य, समृद्ध समाजको गन्तव्य' भन्ने मूल नाराका साथ बर्दिबास नगरपालिका–७ बालविवाहमुक्त वडा घोषित भएको छ। वडाको प्रेमनगरस्थित शिव मन्दिर परिसरमा आयोजित 'घोषणा सभा–२०८२' मा सामूहिक हस्ताक्षरसहित साझा प्रतिबद्धता पत्र सार्वजनिक गर्दै बालविवाहमुक्त वडा घोषणा गरिएको हो। १४ वटा वडा रहेको बर्दिबास नगरपालिकामा बालविवाहमुक्त घोषणा गर्ने वडाको संख्या योसमेत अब ११ पुगेको छ।आइतबार साँझसम्म चलेको घोषणा सभालाई सम्बोधन गर्दै नगरप्रमुख प्रहलाद क्षेत्रीले बालविवाहलाई कानुनी अपराध, सामाजिक अभिसाप र बालअधिकार हनन भएको व्याख्या गर्दै बर्दिबासलाई महोत्तरीकै पहिलो बालविवाहमुक्त नगरपालिका घोषणा गर्ने लक्ष्य रहेको बताउनुभयो।

नगरप्रमुख क्षेत्रीले भन्नुभयो, "बालविवाह मुक्त भएको घोषणा गरेर मात्र पुग्दैन। आ ना सन्ततिको भविष्यका लागि बालविवाहविरुद्ध समाज र परिवार कठोर हुनैपर्छ।" उपप्रमुख तारादेवी महतोले समाजमा गहिरो जरा गाडेको बालविवाह उन्मूलन चुनौतीपूर्ण रहेको बताउनुभयो। यद्यपि, बर्दिबास–७ ले देखाएको सक्रियता र उपलब्धि अन्य वडाका लागि पनि प्रेरणादायी बनेको उहाँको भनाइ थियो। वडा नं ७ का वडाध्यक्ष रामसोगारथ यादव भोरिलका अनुसार आदीवासी, जनजाती, दलित लगायत तीन हजार ४५८ जनसंख्या बसोबास गर्ने यस वडामा दुई वर्षअघि गरिएको एक सर्वेअनुसार बालविाह दर ५० प्रतिसत थियो। सर्वेले वडाको अवस्था भयावह र चुनौतिपूर्ण देखाएपछि वडाध्यक्ष भोरिलकै नेतृत्वमा बालविवाहविरुद्ध सचेतीकरण अभियान सुरु भयो। तीन वटा विद्यालयमा गठन भएका वडाध्यक्ष भोरिलले भन्नुभयो, "वडाका चार वटा टोल र तीन वटा विद्यालयमा गठन भएका 'वडा बाल समिति' र बाल क्लवले गरेका सडक नाटक, घर–दैलो अभिमुखीकरण, कानूनी जानकारी र सामाजिक दबाबका कारण अभियान प्रभावकारी बन्दै गयो।"

अभियानलाई सेभ द चिल्ड्रेन, सामुदायिक विकाश पैरवी मञ्च जस्ता संघसंस्थाले साथ दिए। वडा सदस्य रामशंकर कापरको संयोजकत्वमा गठित 'प्रभावशाली समिति' को प्रभाव परिवार र समुदायमा पर्न थाल्यो। वडा प्रहरी, स्वास्थ्य चौकी, नागरिक समाज, आमा समूह पनि कार्यक्रममा जुट्दै गए। डेढ वर्षपछि वडा र अभियानकर्ता संघसंस्थाले दोश्रो सर्वे गर्दा बालविवाह दर झण्डै ९२ प्रतिसमा झरेको देखाएपछि वडालाई बालविवाह मुक्त घोषणा गरिएको वडाध्यक्ष भोरिलले बताउनुभयो।

उहाँले भन्नुभयो, "यो सफलता वडावासीका लागि विजय उत्सवसरह हो। बाँकी रहेको ८ प्रतिशतलाई पनि शून्यमा झार्न अभियान जारी छ।" नगरपालिका महिला शाखा प्रमुख सुष्मा थापाका अनुसार बालविवाहमुक्त घोषणा गर्न निर्धारित १३ वटा सूचकमा ९० प्रतिशतभन्दा बढी अंक हासिल हुनुपर्छ। पछिल्लो सर्वेक्षणले बर्दीबास–७ ले सबै मापदण्ड पूरा गरेको देखाएपछि 'बालविवाहमुक्त वडा' घोषणा गरिएको हो। घोषणा सभामा प्रमुख प्रशासकीय अधिकृत राममणी अधिकारीले बालविवाह उन्मूलनलाई नगरपालिकाले नीतिगत रूपमा अघि बढाएको बताउदै यसलाई सफल बनाउन समाजका सबै क्षेत्रलाई सहयोग र सहकायका लागि आग्रह गर्नुभयो।

सामुदायिक विकास पैरवी मञ्चका अभियानकर्मी सोमबहादुर कार्कीले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न नपाइने कानुनी व्यवस्था अन्तर्राष्ट्रिय प्रतिवद्धतासमेत रहेको स्मरण गराउँदै नगरका बाँकी ३ वडालाई पनि बालविवाहमुक्त बनाउन निरन्तर सहकार्यमा रहने बताउनुभयो।

# किसानलाई बाली जोगाउने चिन्ता

रुपन्देही, ८ मंसिरः हरेक वर्षझैँ यस वर्ष पनि किसानको उस्तै पीडा, चिन्ता र सङ्घर्ष छ। गहुँको बीउ छर्न मल अभावले किसान चिन्तित छन्। अर्कोतर्फ बेमौसमी वर्षाका कारण पानीमा डुबेर नष्ट भएको धानबाली निकाल्नै कठिन छ। कृषि पेसामा आत्मनिर्भर बन्ने सपना बोकेका किसानको दैनिकी भागदौड, चिन्ता र निराशाले भरिएको छ।

अहिले धानबाली भित्र्याउने बेला हिउँदे बाली लगाउन किसान चटारोमा छन्। कोही मल नपाएर बीउ खेतमा छर्न सकिरहेका छैनन् भने कोही धानबाली नै निकाल्न नसकेर चिन्तित छन्। कृषि कर्मको प्राण नै मल–बीउ भएको ठान्ने किसानका लागि यतिबेला सबैभन्दा ठूलो चुनौती मल–बीउ नै भइरहेको छ।

रुपन्देहीको मर्चवारी गाउँपालिका–२ का सुमेर यादव यतिबेला गहुँ र दलहनको खेती तयारीमै व्यस्त हुनुहुन्छ। तर, मल–बीउ ल्याउन नपाए खेतीपाती नै अधुरो हुने उहाँलाई चिन्ता छ। यादव भन्नुहुन्छ, "सरकारले समयमा पर्याप्त मल–बीउ उपलब्ध गराउन सकेको छैन। मलका लागि छिमेकी मुलुक भारतकै भर पर्नुपर्छ। कहिले मल सहजै ल्याउन पाइन्छ। तर, बेलाबखत सुरक्षाकर्मीको गाली खानुपर्छ। किसान भएकै कारण हामीलाई धेरै पीडा सहनुपरेको छ।"

कोटहीमाई गाउँपालिका–७ का दिनेश लोधको समस्या पनि उस्तै छ। सहकारी संस्थामा मल आएको खबर सुन्नासाथ बिहान सबेरै दौडनु, लाइनमा बस्नु र नपाए फर्केर फेरि भारतीय बजार धाउनुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। "सहकारीमा बिहानै लाइन बसिएन भने मल पाइँदैन। त्यहाँ नपाए सीमावर्ती भारतीय बजार धाउनुपर्छ", उहाँले भन्नुभयो, "मल बिना खेती गर्न सकिन्न।"

सम्मरीमाई गाउँपालिका–७ का साहुल हरिजनको पीडा भने भिन्न छ। बेमौसमी वर्षाले डुबानमा परेको खेतबाट धानबाली निकाल्न चुनौती रहेको उहाँ बताउनुहुन्छ। हरिजनका अनुसार पानीको उचित निकास नहुँदा धेरैजसो धानबाली खेतमै नष्ट भइसकेको छ। बचेका बोट–बिरुवा उठाएर सुकाउने काममै उहाँ व्यस्त हुनुहुन्छ। "हाम्रो खेतमा बर्सेनि पानी जमेर बाली नष्ट हुन्छ। कुलो–नाला व्यवस्था भए हामी जोगिन सक्थ्यौँ। किसानको पीडा बुझ्ने समय कहिले आउँला ?" उहाँले प्रश्न गर्नुभयो। यी समस्या केवल रुपन्देहीको दक्षिणी क्षेत्र मर्चवारको मात्र होइनन्, तराई–मधेसका किसान बर्सेनि मल–बीउको अभाव, उचित बजार मूल्य नपाउनु, मल पाउन सास्ती र बेमौसमी वर्षाबाट धानबालीमा क्षतिलगायतका समस्या झेलिरहेका छन्।

खेतमा पसिनै बगाएर आ नो र परिवारको गुजारा चलाउने आफूहरूको पीडा कसैले गम्भीर रूपमा नलिएसम्म कृषिबाट समृद्धिको सपना केवल कागजमै सीमित हुने किसान बताउँछन्। कोटहीमाई गाउँपालिकामा रहेका १८ सहकारीमार्फत मल वितरण भइरहे पनि किसानले आ नो आवश्यकताअनुसार भने पाउन सकेका छैनन्। रुपन्देहीमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड प्रादेशिक कार्यालय भैरहवामार्फत मल वितरण भइरहेका छ। तर मागअनुसार र समयमा मल नपाउँदा किसान मर्कामा पर्दै आएका छन्।

# स्रोत नखुलेको १५ लाख हुण्डीको रकमसहित एक जना पक्राउ

पर्सा, ८ मंसिर। स्रोत नखुलेको रु १५ लाख रकमसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी चौकी धोरे र सशस्त्र प्रहरी बल नेपालबाट खटिएको संयुक्त टोलीले आइतबार पकहाँमैनपुर गाउँपालिका–१ धोरेचेक प्वाइन्टबाट सोही ठाउँका ३४ वर्षे अवधेश पटेल सवार मोटरसाइकलको लेगगार्डबाट रु १५ लाख बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार उनको साथबाट स्रोत नखुलेको रू एक हजार दरका ७९० थान नोट अर्थात् सात लाख ९० हजार र रु पाँच सय दरका एक हजार ३०१ थान नोट अर्थात् रु ६ लाख ५० हजार बरामद गरिएको हो। यस्तै, रु १०० र ५० का अन्य रकमसमेत बरामद गरिएको छ। प्रवक्ता बस्नेतले पक्राउ परेका पटेललाई मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को (क) बमोजिम (हुण्डी सम्बन्धी कारोबार गर्न नहुने) कसुरमा थप अनुसन्धान भइरहेको जानकारी दिए।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)